२०७४।८।२०

दशौं बैठक

आज मिति २०७४।०८।२० गते बुधबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री नवराज पराजुली | सदस्य सचिव | |
| १८ | आमन्त्रित सदस्य : डेपलम खत्री | | |

निर्णयहरु:

निर्णय नं. (१) यस गाउँपालिकाको वार्षिक विकास कार्यक्रम अन्तर्गतका रु. ५ लाख भन्दा माथिका आयोजनाहरुको आयोजनास्थल तथा सार्वजनिक रुपमा सबैले देख्नेगरी होर्डिङ बोर्डहरु राख्ने र त्यस्ता बोर्डहरुको मापदण्ड देहायअनुसार रहने

निर्णय गरियो।

↳ १ लाख भन्दा माथिका सबै आयोजनाहरूले अनिवार्य सूचना राख्नुपर्ने
↳ आयोजनाको सुरु हुने र अन्त्य हुने मिति राख्नुपर्ने,
↳ आयोजनाको लागत : (क) स्थानीय सरकारबाट प्राप्त रकम
(ख) जनसहभागिताबाट प्राप्त रकम
(ग) अन्य कुनै स्रोत भए पनि उल्लेख गर्ने
↳ आयोजना संचालन हुने स्थान (ठेगाना) स्पष्ट राख्ने ।
↳ त्यसता होडिङ बोर्डहरू उपभोक्ता समिति आफैंले राख्नुपर्ने,

निर्णय नं. २

राष्ट्रिय भवन निर्माण संहिता बमोजिम भवन (निजी, सार्वजनिक, व्यापारिक) निर्माण गर्दा मापदण्ड नक्सापास आदिको व्यवस्था गर्न आवश्यक पर्ने मापदण्ड बनाउन देहाय अनुसारका सदस्यहरू रहने गरी एउटा कार्यदल गठन गर्ने र सो कार्यदलले आवश्यक मापदण्ड तयार गरी कार्यपालिकामा प्रस्तुत गर्ने निर्णय गरियो ।

(क) रविचन्द्र आचार्य - संयोजक
(ख) कमल बहादुर दाहाल - सदस्य
(ग) माधव बस्नेत - सदस्य
(घ) चेतन तामाङ - सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

साथै: उक्त मापदण्ड अनुसार नक्सापास गर्दा सडक छेउमा बन्ने घरहरू र RCC ढलानयुक्त घरहरूको अनिवार्य नक्सापास गरेमात्र बनाउने र अन्य स्थलमा बन्ने जाडेवाला घरहरूलाई सो व्यवस्था अनिवार्य नगर्ने निर्णय गरियो ।

निर्णय नं. ३

हरेक स्थानीय तहमा IT officer नियुक्त गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको LGCDP कार्यक्रमले बजेट उपलब्ध गराउने तथा मन्त्रालयको आवश्यक कार्यविधि समेत उपलब्ध गराई स्थानीय तह आफैंले सो नियुक्ति गर्नुपर्ने व्यवस्था गरिएकोमा यस गाँउपालिकामा देहायअनुसारको समिति बनाई सूचना प्रविधि अधिकृत (IT Officer) नियुक्ति गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) वडाध्यक्ष शमशेर घिसिङ - सदस्य
(ग) वडाध्यक्ष कमल बहादुर दाहाल - सदस्य

उक्त कार्यमा समन्वय गर्न LGCDP को प्रादेशिक इकाइका सल्लाह लिई आवश्यकता अनुसार विषय विशेषज्ञ आमन्त्रण गर्ने र सो बापत लाग्ने खर्च गाँउपालिकाले बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** यस गाँउसभाको (गाँउपालिकाको) मिति २०७४।०३।३० को निर्णयानुसार गाँउपालिकाको रिडेन्टोड बनाउन बाँकी हुँदा रहेको रु. २ करोडको बजेटलाई मिति २०७४।०४।२९ गते बसेको विशेष गाँउसभाको निर्णय नं. २ बमोजिमको अध्यक्षको प्रायोजनको अधिकार प्रयोग गरी प्रोफाइल अनुसार ५ (पाँच) भागमा विभाजन गरी उपभोक्ता समिति बाट निर्माण गर्ने निर्णय गरियो।

(क) गौंखिदार - गोफी - दुनीबोटे - रु. ४० लाखको एक क्लस्टर

(ख) दुनीबोटे - बोहोरागाँउ - विष्णु मा. वि. - पुरानो गाउँ भवन १ नं. वडाको - रु. ४० लाखको एक क्लस्टर

(ग) पुरानो गाविस भवन - टारी मज्याङ - पातले - कुरिङ तथा सोलिङको लागि रु ४० लाखको एक क्लस्टर

(घ) पातलो - मजुवा बगर - कैरोचौर कुरिङ र सोलिङ रु. ४० लाखको एक क्लस्टर

(ङ) मैधेचौर - डाँडागाँउ - डाफेगाउँ ग्रामेल तथा दुपाखु खोल्ने रु. ४० लाखको एक क्लस्टर गरी जम्मा पाँच भाग।

**निर्णय नं. ५** गत आ. व. को अन्तिम लेखापरिक्षणको महालेखापरिक्षकको कार्यालयको प्रतिवेदनमा यस गाँउपालिका (साविक गा. वि. स. सहित) को बेरुजु फछ्यौट गर्न साविक गा. वि. स. तथा वडा कार्यालयहरुलाई जानकारी दिने र सोही बमोजिम फछ्यौट गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ६** यस गाँउपालिकाको प्रथम चौमासिक प्रगति प्रतिवेदनमाथि छलफल गरियो र यस गाउँपालिकामा आगामि दिनमा अझै व्यवस्थित, मर्यादित, नियमसंगत हुने कार्यक्रमहरु अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ७** **विविध निर्णयहरु:**

(क) यस गाउँपालिकाको प्रथम गाँउसभाले वडा कार्यालयहरु बनाउन विनियोजन गरेको बजेटबाट नक्सापास गराई उपभोक्ता समिति बाट काम गर्ने र सो कार्य गर्न वडाध्यक्ष प्रमुख जिम्मेवार हुने व्यवस्था गर्ने निर्णय गरियो।

(ख) यस गाँउपालिकामा कार्यसम्पन्न भएका आयोजनाहरुको भोजना फछ्यौट समितिले गरेको निर्णय बमोजिम दिएको निकासालाई समर्थन गर्ने र आगामी दिनमा उक्त समितिले निर्णय गरेका आयोजनाहरुको भुक्तानी दिनलाई निर्देशन दिने निर्णय गरियो।

(ग) नेपाल सरकारका विभिन्न परिपत्र, निर्देशन र आदेशहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४ले नयाँ कर्मचारी नियुक्त गर्ने अधिकार नदिएकोले अवस्थामा यस गाउँपालिका तथा वडाहरुमा कर्मचारी समायोजना भई पदपूर्ति नभइसकेको अवस्था र नसको कारणले दैनिक कामकाज संचालन गर्न सकेन बाधा पर्ने हुँदा यस्तो अवस्थामा कार्यालय सहयोगी तथा सहायक स्तरका कर्मचारी आन्तरिक आम्दानीबाट तलब भत्ता खाने गरी तथा २०७४ श्रावण भन्दा अगाडी देखि निरन्तर काम गरिरहेकाहरुलाई मात्र कार्यपालिकाले एउटा कार्यविधि बनाई तलब खुवाउने र कामका लगाउने साथै स्थायी पदपूर्ति भएपछि काज बमोजिम हुने गरी एउटा कार्यसमिति बनाउने सो समितिले कार्यविधि निर्माण गर्ने निर्णय गरियो। सो कार्यविधिको देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहने निर्णय भयो।

(क) रविन्द्र आचार्य - संयोजक गा.पा. उपाध्यक्ष
(ख) विरबहादुर तामाङ - सदस्य वडाध्यक्ष, कार्यपालिका सदस्य
(ग) श्यामसेर घिसिङ - सदस्य वडाध्यक्ष, कार्यपालिका सदस्य
(घ) रमेश अधिकारी - सदस्य वडाध्यक्ष, कार्यपालिका सदस्य
(ङ) राजन नेपाली - सदस्य कार्यपालिका सदस्य
(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(छ) नारायण प्रसाद दाहाल - सदस्य सचिव नायब प्रशासक

(घ) (घ) वन पैदावारको दर उठ्न नसकेकोले अब उप्रान्त वन पैदावर निकासी तथा पैठारी गर्दा वडा कार्यालयको सिफारिस विना निकासी पैठारी पुर्जी नदिन जिल्ला वन कार्यालय र सो कार्यमा सहयोग गर्न जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

(ङ) जिल्ला समन्वय समिति स्रोत साधनले पूर्ण भएको तर्फ जिल्ला समन्वय समितिमा कार्यरत कर्मचारी हरूलाई कजम्म यस गाउँपालिकामा कार्यरत भएकोले उक्त कार्यालयसँग भएका न्यूनतम ड्राइभर मोटरसाइकल स्तरका सवारी साधन हस्तान्तरण गर्न अनुरोध गर्ने साथै नेपाल सरकारका अन्य निकाय, आयोग, मन्त्रालयहरूसँग सवारीसाधन उपलब्ध गराइदिन अनुरोध गरिएको लेख्ने निर्णय गरियो।

५) यस गाँउपालिकामा कार्यरत प्राविधिक जनशक्तिको मनोबल उच्च राख्ने तथा कामकारवाहीलाई अझ चुस्तदुरुस्त बनाउने कार्यको लागि प्राविधिक जनशक्तिलाई अतिरिक्त सेवा सुविधा (Incentive) दिने निर्णय गरियो। उक्त Incentive दिंदा नयाँ प्राविधिकलाई हाजिर भएको मिति देखि र साबिक देखि कामकाज गर्दै आइरहेको प्राविधिक कर्मचारीहरुको हकमा कामकाज सुरु गरेको मिति देखि (साउन) नै दिने व्यवस्था मिलाउन प्रशासनलाई निर्देशन दिने निर्णय गरियो।

६) मिति २०७६ वैशाख २८ गते साविक जिल्ला विकास समितिको निर्णयानुसार जारी भएको बाल संरक्षण कोष सञ्चालन निर्देशिका २०७६ यस गाँउपालिकाले पनि सोही निर्देशिकालाई अस्तारो तत्काल जारी गरी लागु गर्ने निर्णय गरियो।